जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १५३ २०७८ साल माघ १ गते शनिबार (15 Jan. 2022 Saturday) मूल्य रु. ५/-

हिंसामुक्त घर, सुखी परिवार

समृद्ध समाजको बलियो आधार ।

नेपाल सरकार

विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कोरोनाका बिरामीले अस्पताल. ३ पृष्ठमा : त्रिभुवन अन्तरराष्ट्रिय ... ३ पृष्ठमा अफगानिस्तानको सहयोगका लागि संयुक्त..

## जनमतको बृहत प्रदर्शन एवं महाऱ्याली



**दैनिक समाचारदाता राजविराज, ३० पुस ।**

किसानहरुको समस्या समाधान गर्न लगायत १२ बुँदे मागसहित आन्दोलनरत जनमत पार्टीले शुक्रबार राजविराजमा बृहत प्रदर्शनसहित महाऱ्याली निकालेको छ ।

राजविराजस्थित राजरंगशालमा गाउँ गाउँबाट हलो, कोदालो, मलको खाली बोरा, कृषि सम्बन्धी घरेलु सामाग्रिसहित हजारौंको संख्यामा आएका पार्टीका कार्यकर्ता तथा किसानहरुको सहभागितामा महाऱ्यालीको आयोजना गरिएको हो ।

ऱ्यालीका सहभागिहरुले विभिन्न नारा लगाउँदै नगर परिक्रमा गरेका थिए । नगर परिक्रमा पश्चात् गजेन्द्र चौकमा पुगेर आयोजित सभालाई जनमत पार्टीका केन्द्रिय उपमहासचिव इन्द्रजित यादव, कोषाध्यक्ष सुरेन्द्र नारायण यादव, केन्द्रिय सदस्य सुरेन्द्र मधेशी, जिल्ला अध्यक्ष चन्देश्वर मण्डल, सचिव थानेश्वर साह लगायतले सम्बोधन गर्दै किसानहरुको माग पुरा नगरिए अझै सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

उनीहरुले आफ्ना कार्यकर्तालाई झुठा मुद्दा लगाएर कारवाही चलाएको भन्दै त्यस्तो मुद्दा अविलम्ब फिर्ता लिन माग समेत गरेका छन् । किसानलाई परिचयपत्र बनाई पेन्सनको व्यवस्था, कालिनाली विमाको सुनिश्चितता, समयमै मलखाद, विउविजनको व्यवस्था, किसानको समस्या समाधान गर्न उच्चस्तरिय समितिको गठन, प्रहरीले पक्राउ गरेका आन्दोलनकारीहरुको रिहाई लगायतका माग उनीहरुले अघि सारेका छन् ।

ऱ्याली अघि पार्टीका नेताहरुले प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमलाई किसानहरुसँग सम्बन्धीत माग पुरा गराउन ज्ञापनपत्र समेत बुझाएका छन् ।

## सप्तरीमा संक्रिय संक्रमितको संख्या २० पुग्यो

**दैनिक समाचारदाता राजविराज, ३० पुस ।**

सप्तरीमा कोराना संक्रमण दर दिनहुँ बढ्न थालेको छ । शुक्रबार १४ जनाको परिक्षण गर्दा १० जनामा कोरोना पुष्टि भएसँगै जिल्लामा सक्रिय संक्रमितको संख्या २० पुगेको छ ।

यसअघि बुधबार ११ को परिक्षण गर्दा ७ र बिहीबार ८ को परिक्षण गर्दा ५ जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । संक्रमित हुनेमा दुई जना न्यायाधीश र दुई जना कर्मचारी पनि रहेका छन् ।

अन्य जिल्लामा घर भई राजविराजस्थित विभिन्न सरकारी कार्यालय कार्यालयमा कार्यरत पाँच जनामा समेत कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार गजेन्द्र नारायण सिंह अस्पतालमा गरिएको स्वाव परिक्षणमा राजविराज नगरपालिकाका एक महिलासहित दुई, खडक नगरपालिका, तिरहुत गाउँपालिका र राजगढ गाउँपालिकाका एक/एक जनामा संक्रमण पुष्टि भएको छ ।


संक्रमण दर तिब्र बनेपछि सरकारले तोकेको सुरक्षा मापदण्डको पुर्ण पालना गर्न जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले सबैमा अपील गरेको छ ।

## कोरोना सम्बन्धी अनुरोधलाई वेवास्ता गरिए प्रशासन कार्यालयले कारवाही गर्ने

**दैनिक समाचारदाता राजविराज, ३० पुस ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले शुक्रबार जनहितका लागि एक सूचना जारि गर्दै कोरोनाको जोखिम बढ्दै गएको भन्दै स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई कोरोना संक्रमणको जोखिम न्युनिकरण गर्ने कार्यमा सबैसँग अनुरोध गरेको छ ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमद्वारा हस्ताक्षरित सूचनामा पछिल्लो समय सप्तरीमा संक्रमण दर बढेको देखिएको हुँदा जिल्लावासी तथा राजनीतिक दल, जनप्रतिनिधि एवं सम्बद्ध सबैलाई सार्वजनिक स्थलमा भिडभाड नगर्न, २५ जना भन्दा बढीको जुलुस, सभा, ऱ्याली, मेला, बैठक नगर्न नगराउन, अनिवार्य रुपमा मास्क प्रयोग गर्न, भौतिक दुरी कायम गर्न र स्वास्थ्य



जनहितमा जारी सूचना

विगत केही दिनदेखि देशैभर कोरोना संक्रमण दर बढिरहेको छ । छिमेकी मुलुक भारतमा समेत कोरोना संक्रमण बढेको र सप्तरी जिल्ला समेत खुला सिमा नाकाको कारण उच्च जोखिममा रहेको व्यहोरा सबैलाई बिदितै छ । पछिल्लो समयमा सप्तरी जिल्लामा संक्रमणको दर बढेको देखिएको हुँदा सप्तरी जिल्लावासी आमा, बुवा, दाजु भाई, दिदी बहिनी एवं राजनितीक दल, जनप्रतिनिधी एवं सम्बद्ध सबैलाई सार्वजनिक स्थलमा भिडभाड नगर्न, नगराउन, २५ जना भन्दा बढी को जुलुस, सभा, महोत्सव, र्याली, मेला बैठक नगर्न नगराउन, अनिवार्य रुपमा मास्क प्रयोग गर्न, भौतिक दुरी कायम गर्न र स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई कोरोना संक्रमणको जोखिम न्यूनिकरण गर्ने कार्यमा सहयोग गर्न जिल्ला प्रशासन कार्यालय सबैलाई हार्दिक अनुरोध गर्दछ ।

पटक-पटकको अनुरोधलाई वेवास्ता गरिएमा जिल्ला प्रशासन कार्यालय कानून बमोजिम कारवाही गर्न बाध्य हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

प्रमुख जिल्ला अधिकारी

सुरक्षाका मापदण्ड अपनाउन आग्रह गरिएको छ ।

पटक पटक अनुरोधलाई वेवास्ता गरिएमा कानुन बमोजिम कारवाही गर्न प्रशासन कार्यालय बाध्य हुने व्यहोरा समेत सूचनामा उल्लेख छ ।

## थप पाँच हजार ८७ जनामा कोरोना संक्रमण पुष्टि

काठमाडौं, ३० पुस (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप पाँच हजार ८७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा २० हजार ५६० जनाको नमूना परीक्षण गरिएको थियो । तेह्र हजार ४७४ जनाले पिसिआर र सात हजार ८६ जनाको एन्टिजीन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा ३०६ जना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या आठ लाख १५ हजार ६५३ पुगेको छ । यो दर ९६ दशमलव पाँच प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

नेपालमा पिसीआर विधिबाट कोरोना परीक्षण गरिँदा आठ लाख ४५ हजार ५०१ र एन्टिजेन विधिबाट परीक्षण गरिँदा एक लाख १०८ जना संक्रमित भएको मन्त्रालयले जनाएको छ । पिसिआर विधिबाट परीक्षण गर्नेको संख्या ४९ लाख ८१ हजार २६० र एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या आठ लाख ८० हजार ८८२ पुगेको छ । कुलमा सङ्क्रमण दर १७ प्रतिशत छ ।

कोभिड बिरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा तीन लाख २० हजार २६७ रहेको छ । हाल सक्रिय संक्रमितको संख्या १८ हजार २३५ रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट तीन जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ६१३ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत छ । प्रतिशत १० लाख जनसंख्यामा मृत्युदर ३८२ दशमलव तीन रहेको छ ।

हाल भेन्टेलेटरमा रहनेको संख्या जम्मा २५ र आइसियूमा १११ रहेको छ । होम आइसोलेशनमा १७ हजार २९१, संस्थागत आइसोलेशनमा ९४४ र क्वारेन्टीनमा ११५ रहेका छन् । हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्लाहरूमा मोरङ, सुनसरी, काठमाडौं, ललितपुर र भक्तपुर र कास्की रहेका छन् भने दुई सयभन्दा बढी उपचारार्थ संक्रमित रहेका जिल्लाहरूमा झापा, चितवन, मकवानपुर, नवलपरासी पूर्व, बाँके, रुपन्देही र कैलाली छन् । सून्य संक्रमित रहेका जिल्ला कुनै पनि नभएको मन्त्रालयले जनाएको छ । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा सात हजार ६२५, ललितपुर एक हजार ९३५ र भक्तपुरमा एक हजार २५१ सक्रिय सङक्रमित रहेको मन्त्रालयले जनाएको छ ।

## प्रदेश २ सरकारले ६ सय १० विपन्न परिवारलाई घर बनाइदिने

**दैनिक समाचारदाता राजविराज, ३० पुस ।**

प्रदेश २ सरकारले महेन्द्र नारायण निधि विपन्न आवास योजना अन्तरगत ६ सय १० विपन्न परिवारलाई आवास बनाउने भएको छ ।

प्रदेश २ सरकारको मन्त्री परिषद्को शुक्रबार बसेको बैठकबाट महेन्द्र नारायण निधि विपन्न आवास योजना २०६८ स्वीकृत भएपछि उक्त घर निर्माण हुने भएको हो ।

कार्यक्रम अन्तर्गत आठ वटै जिल्लाको प्रत्येक विधान क्षेत्रमा १० परिवारको घर निर्माण गरिने छ । असहाय र विपन्न एकल महिला, कुनै पनि जात वर्गका आर्थिक रुपले विपन्न व्यक्ति, परिवार, दलित, लोपोन्मुख, सिमान्तकृत जाती, अनाथ बालबालिका, अशक्त वृद्धवृद्धालाई प्राथमिकताको आधारमा आवासको व्यवस्था गरिने प्रदेश २ सरकारका प्रवक्ता एवं अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले जानकारी दिएका छन् ।

उनका अनुसार प्रति आवास कुल पाँच लाख रुपैयाँमा प्लाष्टरसहितको छाना भएको दुई कोठा, एक भान्छा घर र एक शौचालय रहने छन् । आवास निर्माणको प्रक्रिया द्रूत गतिमा अगाडि बढाईने छ ।

मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा बसेको मन्त्री परिषद्को बैठकले दलित सशक्तिकरण नियामावली २०६८ स्वीकृत गरेपछि केही महिना अघि प्रदेश सरकारले गठन गरेको दलित सशक्तिकरण बोर्डलाई आफ्ना कामकार्वाही अगाडि बढाउन सहज हुनेछ ।

## सम्पादकीय ....

# जनताको साथ अपरिहार्य

समाजमा विभिन्न किसिमको हत्या, हिंसा, झगडा लगायतका कारक मदिरा तथा लागु पदार्थ सेवन प्रमुख रहेको छ। यस्ता विकृती, बिसंगतिलाई निरुत्साहित गर्न प्रहरी लागि परेको छ। अवैध मदिरा, लागु पदार्थलाई नियन्त्रण गर्नुदेखी लिएर बढ्दो सवारी दुर्घटनालाई नियन्त्रण गर्न थप चुनौती थपिएको छ। अवैध मदिरा र लागु पदार्थ नियन्त्रण गर्न प्रहरी दिनरात लागि परेको छ भने बढ्दो सवारी दुर्घटनालाई न्यूनिकरण गर्न मुलुकभरी प्रहरीले जनचेतना अभियान मार्फत सक्रियता देखाएको छ।

सडक दुर्घटना बढ्दै गएको अवस्थामा ट्राफिकदेखी सम्पूर्ण मातहतका प्रहरी समेत खटिएका छन्। अवैध मदिरा नियन्त्रण र लागु औषध बिक्रिकर्तादेखी प्रयोगकर्तासम्मलाई प्रहरीले नियन्त्रण गर्नुदेखी त्यस्ता बस्तु बरामद र नष्ट समेत गरिहरेको छ। तर, पनि यस्ता विकृतीलाई नियन्त्रण गर्न एउटा चुनौती नै थपिएको छ।

यस्ता कार्यहरुलाई निरुत्साहित गर्न प्रहरीको एकल प्रयासले मात्र नभएर जनताको साथ पनि चाहिन्छ। तसर्थ यस्ता विकृतीलाई जडोबाटै सखाप पारि निरुत्साहित गर्न सम्पूर्ण जनताले सहयोग गर्नुदेखी लिएर जनचतेना फैलाउनु समेत आवश्यक रहेको छ। अनिमात्र कुरिती, विकृती, बिसंगतिमुक्त समाजको स्थापना हुन सक्छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोनाका बिरामीले अस्पताल भरिँदै : अधिकांशलाई अक्सिजनको आवश्यकता नपर्ने

काठमाडौँ, ३० पुस (रासस)।

अहिले देखिएको कोरोना भाइरस सङ्क्रमणले धेरै बिरामीलाई अक्सिजनको आवश्यकता नपर्ने चिकित्सकले जनाएको छ।

सङ्क्रमणको दोस्रो लहरले अधिकांश बिरामीलाई अक्सिजनको आवश्यकता परेपनि अहिले देखिएको ओमिक्रोन भेरियन्टका कारणले सङक्रमित हुने धेरै बिरामीलाई अक्सिजनको आवश्यकता नपर्ने भएको चिकित्सकले बताएका हुन्।

अस्पतालमा सङ्क्रमितको सङ्ख्या बढी पनि जटिल खालका बिरामी नआएको चिकित्सकले बताएका छन्। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा मनिषा रावलले अस्पतालमा भर्ना भएकामध्ये धेरै बिरामीलाई अक्सिजन आवश्यक नभएको बताउनुभयो। "अहिले अस्पतालमा उपचार गर्न आएका सङ्क्रमित बिरामीलाई अक्सिजनको आवश्यकता परेको छैन", उहाँले भन्नुभयो, "६० प्रतिशत बिरामीलाई अक्सिजन आवश्यकता परेको छैन।" सङ्क्रमितलाई अक्सिजन नचाहिए पनि अक्सिजन प्लान्ट र तरल अक्सिजन प्लाण्ट अस्पतालले तयारी अवस्थामा राखिएको छ।

उहाँका अनुसार अस्पतालमा भर्ना भएका १२ मध्ये तीन जनालाई सघन उपचार कक्ष (आइसियु)मा अक्सिजन दिई उपचार गरिएको छ। नौ जना हाई डिपडेन्सी कक्ष (एचडीयु)मा उपचार भइरहेको छ। उहाँका अनुसार अस्पतालमा भर्ना भएको अधिकांश बिरामी घाँटीमा अप्ठेरो बनाउने, नाकबाट पानी बग्ने, शरीर दुख्ने, शरीर तातो हुने, रुघा लाग्नेजस्ता समस्या देखिएका छन्।

यस्तै अहिले ओमिक्रोन भेरियन्टले मानिसको माथिल्लो स्वासप्रस्वास नलिमा सङ्क्रमण गराई स्वासप्रस्वास गर्नमा समस्या गराउने गर्दछ। यसअघिका डेल्टा भेरियन्टले तल्लो स्वासप्रस्वास नलि वा फोक्सामा सङ्क्रमण गराउने गर्दथ्यो। टेकु अस्पतालमा हिजो पुस २९ गते १५ जना बिरामी आएकामध्ये १० जनालाई कोभिड-१९ सङ्क्रमण भएको थियो। अस्पतालमा १०० शय्यासहित २४ आइसियु रहेको छ। अस्पतालका निर्देशक डा रावलले सङ्क्रमित बढिरहेकाले अबको दुई हप्ता चुनौतीपूर्ण रहेको बताउनुभयो। "ओमिक्रोन भेरियन्टले कस्तो रुप लिन्छ। त्यसैको आधारमा अवको दुई हप्ता चुनौतीपूर्ण हुने देखिन्छ", उहाँले भन्नुभयो।

यसैगरी बलम्बुस्थित सशस्त्र प्रहरी बल अस्पतालमा पनि सङ्क्रमितको सङ्ख्या बढिरहेका छन्। अहिले अस्पतालमा ५५ सङ्क्रमितको उपचार भइरहेको छ। अस्पतालका डा प्रविन नेपालले पनि अहिले भर्ना भएका धेरै बिरामीलाई अक्सिजन नचाहिएको बताउनुभयो। "दोस्रो लहरको जस्ता अहिले देखिएका सङ्क्रमितलाई अक्सिजन चाहिएको छैन", उहाँले भन्नुभयो, "भर्ना भएका १५ प्रतिशत बिरामीलाई मात्र अक्सिजन दिएर उपचार गरिरहेका छौँ।"

अहिलेका सङ्क्रमितलाई घाँटी दुख्ने, ज्वरो आउने जस्ता समस्या देखिएको उहाँको भनाइ छ। यस्तै कोभिड-१९ युनिफाइड केन्द्रीय अस्पताल (वीर अस्पताल)मा विगत २४ घण्टामा १४ जना बिरामी भर्ना भएका छन्। अस्पतालका प्रमुख डा भूपेन्द्र वस्नेतले सङ्क्रमण बढेसँगै सङ्क्रमित पनि भर्ना हुन आउने बढेको बतातउनुभयो। उहाँका अनुसार अहिले ५२ बिरामी अस्पतालमा उपचाररत छन्। तीमध्ये नौ जना आइसियुमा उपचार भइरहेको छ।

सरकारले कोरोना भाइरस सङ्क्रमितको उपचार गर्न भनेर गत वर्ष युनिफाइड अस्पताल सञ्चालनमा ल्याएको हो। उहाँले अहिलेसम्म भर्ना भएका धेरै बिरामीलाई अक्सिजनको आवश्यकता नपरेको बताउनुभयो। अस्पतालमा दैनिक २५० सिलिण्डर अक्सिजन उत्पादन गर्ने प्लाण्ट र २० टन क्षमता भएको तरल अक्सिजन प्लान्ट रहेको छ। अस्पतालमा ५०० शय्यासहित १०० शय्याको आइसियु रहेको छ।

ओमिक्रोन भेरियन्टले मानिसको स्वास्थ्यमा जटिलता कम गराए पनि सङ्क्रामक दर गुणात्मकरुपमा फैलिने बताइएको छ। ओमिक्रोनले कोरोना खोप लगाएका/नलगाएका दुवैलाई सङ्क्रामक बनाउन सक्दछ। यो भेरियन्टको सम्भावित जोखिमलाई रोक्नका लागि अस्पताललाई आवश्यक पर्ने अक्सिजन, सघन उपचार कक्ष (आइसियु), हाई डिपेडेन्सी युनिट (एचडियु), भेन्टिलेटर, आइसोलेसन र स्वास्थ्यकर्मीको पनि तयारी अवस्थामा राखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीका अनुसार नेपालमा अहिले आइसियु दुई हजार ७९७, भेन्टिलेटर एक हजार आठ, एचडियु तीन हजार ८४६ रहेका छन्। यस्तै अक्सिजन सिलिण्डर १३ हजार ९३९, अक्सिजन कन्सट्रेटर ६९३ रहेका छन्। यसैगरी २५ अक्सिजन टचाङ्कमा १९ वटा र १०७ मध्ये ८७ अक्जिसन प्लान्ट सञ्चालनमा आइसकेको छ। उपत्यकामा दुई हजार ४९४ आइसोलेसन शय्या, ३२४ एचडियु, ४४५ आइसियु र २५४ भेन्टिलेटर रहेका छन्। हालसम्म नेपालमा २७ वटा ओमिक्रोन भेरियन्टका सङ्क्रमित पत्ता लागेको छ।

# रिक्सा चालकको हत्या आरोपमा पाँच पक्राउ

वीरगञ्ज, ३० पुस (रासस)।

पुस २२ गते पर्साको वीरगञ्ज महानगरपालिका-२३ इटियाही, नारायणी बयोधा अस्पतालको पछाडि चौरमा मृतावस्थामा फेला परेका रिक्सा चालक भारतीय नागरिक ४५ वर्षीय मुख्तार मियाँको हत्या भएको खुल्न आएको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार भारतको बिहार राज्य वैशाली घर भई हाल वीरगञ्ज-३ छप्कैया बस्दै आएका मियाँको हत्या भएको अनुसन्धानपश्चात खुल्न आएको हो। आपसी झगडा हुँदा फलामको रिन्चले टाउकामा प्रहार गरेर मियाँको हत्या गरिएको प्रहरीले जनाएको छ।

मियाँको हत्यामा संलग्न भएको आरोपमा प्रहरीले बिहारको पूर्वी चम्पारण, मोतीहारी-६ घर भई हाल वीरगञ्ज छप्कैया बस्ने ई-रिक्सा चालक सुनिल कुमार, बारा परवानीपुर गाउँपालिका-५ बस्ने निकेश पटेल, बिहारको मुङ्गेरका घर भई वीरगञ्ज छप्कैया बस्ने सपन मण्डल, भारत बिहार घर भई वीरगञ्ज छप्कैया बस्ने नाजिर हुसैन र छप्कैया बस्ने बाबर हुसैनलाई प्रहरीले पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले अनुसन्धानका क्रममा मियाँको हत्या भएको खुल्न आएको र हत्यामा संलग्न पाँच जनालाई पक्राउ गरिएको बताउनुभयो। मृतक मियाँ र पक्राउ परेका मण्डल एउटै घरमा डेरा गरी बस्दै आएका थिए।

उनीहरूबीच केही दिनअघि झगडा भएपछि मण्डलले मियाँको हत्या गरी फालिदिने भनी धम्की दिएका थिए। मण्डलले सुनिललाई भेटी मियाँको हत्या गर्न रु ५० हजार दिएको प्रहरी अनुसन्धानबाट खुलेको जनाइएको छ। मियाँको हत्यामा संलग्न पाँच जनालाई पक्राउ गरिए पनि एक जना भारतीय नागरिक फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# 'अमेरिकी लगानी र प्रविधि भित्र्याउने प्रयास गरियोस्'

काठमाडौँ, ३० पुस (रासस)।

नेपाल उद्योग परिसङ्घले मुलुकमा प्रत्यक्ष विदेशी लगानी भित्र्याउन तथा निर्यात प्रवर्द्धनसँगै प्राकृतिक सौन्दर्यको खानी देशको पर्यटनको विकासलाई केन्द्रमा राखेर काम गर्न अमेरिकाका लागि प्रस्तावित राजदूत श्रीधर खत्रीसँग आग्रह गरेको छ।

परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवालगायत पदाधिकारीहरूसँग शुक्रबार भएको छलफलमा पश्मिना, तयारी पोशाक, छुर्पीजस्ता विशिष्टिकृत उत्पादनलाई अमेरिकीबजारसम्म सहजपहुँच स्थापित गर्न तथा बजार विस्तारमा भरमग्दुर प्रयासका लागि उहाँसँग अनुरोध गरिएको हो।

राष्ट्रको पर्यटन प्रवर्द्धन हुनेगरी अमेरिकाको तर्फबाट उच्चस्तरीय भ्रमणको प्रयास गर्न तथा नेपाल र अमेरिकाबीचको कूटनीतिक सम्बन्धलाई आर्थिक कुटनीतिका माध्यमबाट थप सबल बनाउनेतर्फ विशेष ध्यान दिन परिसङ्घले अनुरोध पनि गरेको छ।

नेपाललाई विकासको पथमा अग्रसर गराउन गुणस्तरीय पूर्वाधार निर्माण पहिलो आवश्यकता भएकाले जलस्रोतसहित पर्यटन र सेवाका क्षेत्रमा अमेरिकी लगानी जुटाउन प्रयत्नका निम्ति पनि परिसङ्घले प्रस्तावित राजदूत खत्रीसमक्ष आग्रह गरेको छ।

# स्वास्थ्य मन्त्रालयले दरबन्दीअनुसार जनशक्ति र करार कर्मचारीको अवधि थप गर्ने

काठमाडौँ, ३० पुस (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसको सङ्क्रमण बढ्न थालेपछि स्वास्थ्य संस्थालाई दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरेको छ।

स्वास्थ्यमन्त्रीस्तरीय निर्णय गर्दै मन्त्रालयले सबै शिक्षण अस्पताल, प्रतिष्ठान, अस्पताल र प्रयोगशालालाई दरबन्दीअनुसार जनशक्तिको व्यवस्थापन र करारमा लिएका जनशक्तिको अवधि तीन महिना म्याद थप गर्ने निर्णय गरेको मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार बिहीबारै नै ति अस्पताललाई दरबन्दीअनुसार जनशक्ति व्यवस्थापन गर्न र करारमा नियुक्त गरिएका स्वास्थ्यकर्मी र कर्मचारीको माघ महिनादेखि तीन महिनासम्म अवधि थप गर्न निर्देशन दिइसकेको बताउनुभयो। ओमिक्रोन भेरियन्टका कारण अहिले सङ्क्रमण बढेको छ। बिहीबार मात्र तीन हजार ५५३ जनामा सङ्क्रमण देखिएको छ।

# त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा कडाइ

काठमाडौँ, ३० पुस (रासस)।

आन्तरिक तथा अन्तरराष्ट्रिय हवाई यात्रुको बढी जमघट हुने त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा स्वास्थ्य सावधानीमा कडाइ गरिएको छ।

कोभिड-१९ महामारीको जोखिम नियन्त्रणका लागि विमानस्थलले स्वास्थ्य मापदण्डको पूर्णरूपमा पालना गर्दै विमानस्थल प्रवेश गर्ने 'भिजिटर'लाई कडाइ गरेको हो। अन्तरराष्ट्रिय उडानमा जाने यात्रुलाई बिदाइ वा स्वागतका लागि जाने भिजिटर पासमा कडाइ गरिएको छ। अत्यावश्यकलाई मात्रै त्यस्तो पास दिइने गरिएको छ।

विमानस्थलका महाप्रबन्धक बोलाप्रसाद गुरागाईँले कोभिड महामारीको सम्भावित जोखिम नियन्त्रणका लागि भिजिटर पासमा कडाइ गरी स्वास्थ्य मापदण्ड पालनालाई प्रभावकारी बनाइएको बताउनुभयो। "विमानस्थलमा जाने भिजिटरको पास पूर्ण बन्द गरिएको होइन, अत्यावश्यकबाहेकलाई प्रवेशमा कडाइ गरिएको हो, यसले केही हदसम्म विमानस्थलमा भीडभाड कम हुने र महामारीको जोखिम पनि कम हुने अपेक्षा गरिएको छ।"

पछिल्ला दिनमा निरन्तर कोभिडका सङ्क्रमित बढिरहेका छन्। प्रतिकूल मौसमका कारण उडान सामान्य प्रभावित हुँदा विमानस्थलमा यात्रुहरुको भीड लाग्ने गरेको विमानस्थलले जनाएको छ। यस्तो समस्या अहिले आन्तरिक र अन्तरराष्ट्रिय दुवै उडानमा भएको छ। आन्तरिकतर्फ विशेषगरी हिमाली र तराईका कतिपय विमानस्थलमा बिहान उडान ढिलो हुँदा विमानस्थलको टर्मिनलमा यात्रु खचाखच हुने गरेको छन्। भीडभाड बढेपछि विमानस्थलले स्वास्थ्य मापदण्ड पालनामा कडिकडाउ गरेको छ। मास्क अनिर्वाय, स्यानिटाइजरको प्रयोग र दूरी कायम गर्न विमानस्थलले कर्मचारी तथा यात्रु वर्गमा अनुरोध गरेको छ।

त्रिअविबाट हाल आन्तरिकतर्फ १० हेलिकोप्टरसहित १९ वायुसेवा कम्पनीले उडान सेवा दिइरहेका छन् भने अन्तरराष्ट्रियमा दुई नेपालीसहित २० वायुसेवा प्रदायकले उडान भर्दै आएका छन्। विमानस्थलका महाप्रबन्धक गुरागाईंका अनुसार अन्तरराष्ट्रियमा १७ वटा नियमित र बाँकी चार्टर्ड गरी दैनिक २५ देखि ३० उडान हुने गरेका छन्। दुवैतर्फ गरी ५० देखि ६० उडान हुने गरेको छ। त्यस्तै आन्तरिकमा दैनिक ३०० हाराहारी उडान हुने गरेको छ।

कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (सिसिएमसी) को निर्णयअनुरुप आगामी माघ ७ गतेदेखि विमानस्थलमा पुग्ने यात्रुलाई अनिवार्यरुपमा कोभिडविरुद्धको खोप लगाएको कार्ड साथमा संलग्न हुने व्यवस्था मिलाउने निर्णय गरेको थियो। अन्तरराष्ट्रिय उडानका यात्रुले ७२ घण्टे पिसीआर नेगेटिभ रिपोर्ट देखाउनुपर्ने हुन्छ। आन्तरिक उडानको हकमा माग ७ गतेदेखि हवाई यात्रुले खोप कार्ड देखाएर मात्रै हवाईयात्रा गर्न पाउनेछन्।

कोभिड सङ्क्रमण बढेसँगै विमानस्थल कार्यालयले पुस २७ गते विज्ञप्ति जारी गर्दै अति जरुरी अवस्थामा बाहेक 'भी पास' उपलब्ध नहुने निर्णय भएको जनाएको थियो। विमानस्थलमा भीडभाड हुने भएकाले जरुरी अवस्थामा बाहेक बिदाइ र स्वागतका लागि विमानस्थल नआउनसमेत सर्वसाधारणमा अनुरोध गरेको छ। हवाईयात्राका दौरानसमेत आवश्यक मापदण्ड पालना गर्न आग्रह गरेको छ।

यता अध्यागमन विभागले पनि अत्यावश्यक नपरेसम्म विदेश यात्रा नगर्न सबैमा अनुरोध गरेको छ। विभागले पुस २८ गते ट्राभल एडभाइजरी जारी गर्दै नयाँ भेरियन्टको सङ्क्रमणको जोखिम भएका मुलुकहरूमा नेपालबाट यात्रा गर्ने योजना बनाएका व्यक्तिहरूले अति आवश्यक अवस्थाबाहेक यात्रा नगर्न अनुरोध गरेको हो।

# स्टिकर छपाइ अब नेपालमै

काठमाडौँ, ३० पुस (रासस)।

अर्थमन्त्री जनार्दन शर्माले अन्तःशुल्क 'स्टिकर'को सुरक्षित मुद्रण नेपालमै गर्न निर्देशन दिनुभएको छ। काभ्रेको पनौतिस्थित आइटी पार्कमा जडान हुँदै गरेको सुरक्षण मुद्रण प्रिन्टिङ प्रेसको बिहीबार निरीक्षण गर्दै उहाँले अर्थ मन्त्रालयलाई आवश्यक स्टिकर तत्कालै उपलब्ध गराउन सुरक्षण मुद्रण केन्द्रलाई निर्देशन दिनुभएको हो।

"हामीलाई करिब तीन अर्ब पिस स्टिकर चाहिँदोरहेछ। त्यो तीन अर्ब स्टिकर छाप्न यस्ता मेसिन कति चाहिन्छन्, तत्काल ल्याएर जडान गर्न आग्रह गर्छु", मन्त्री शर्माले भन्नुभयो, "कमसेकम अर्थ मन्त्रालयलाई आवश्यकपर्ने स्टिकर उपलब्ध गराउनुहोस्।" उहाँले अब एक वर्षको अवधिमा मन्त्रालयलाई आवश्यकपर्ने परिमाणको स्टिकर छाप्न सक्नेगरी व्यवस्था गर्न निर्देशन दिनुभयो।

जडान हुँदै गरेका अत्याधुनिक मेसिनले नोटबाहेक अन्य सबै किसिमका मुद्रण गर्ने जानकारी आफूलाई दिइएको बताउँदै उहाँले यसको ठूलो बजारसमेत रहेको उल्लेख गर्नुभयो। उहाँले बैंक, यातायात, मालपोतलगायतका विभिन्न क्षेत्रको काम यसले पाउनसक्ने बताउनुभयो। आफूले सुरक्षण प्रिन्टिङ प्रेसमा नाफा मात्रै देखेको स्पष्ट पार्दै मन्त्री शर्माले यसका लागि सरकार लगानी गर्न नहिच्किचाउने बताउनुभयो।

"धेरै ठूलो व्यापार यसले गर्नसक्ने भएकाले यसमा लगानी भनेको नाफाका लागि हो", उहाँले भन्नुभयो, "यहाँ मैले घाटा देखिनँ। नाफा मात्रै हुने ठाउँमा लगानी गर्न सरकारले पनि हिच्किचाउनुपर्छ जस्तो मलाई लाग्दैन।" उहाँले नेपालमा कुनै पनि हालतमा चोरी नहुने तथा नक्कली स्टिकर बनाउन नमिल्ने स्तरको सुरक्षित स्टिकर छाप्नुपर्ने आवश्यकता औँल्याउँदै अब सुरक्षण मुद्रण केन्द्रले सो परिपूर्ति गर्नेमा विश्वास व्यक्त गर्नुभयो।

यसबाट अर्बौंको राजस्व चुहावटलाई नियन्त्रण गर्न सकिने विश्वास उहाँले व्यक्त गर्नुभयो। "यहाँ प्रिन्ट गरेर अर्बौंको फाइदा मात्र गर्ने होइन, अर्बौंको राजस्व थप असुल हुने पनि देखिन्छ। अहिले मन्त्रालयले अन्तःशुल्क स्टिकरबाट करिब रु एक खर्ब बराबरको राजस्व उठाउने गरेको छ", उहाँले भन्नुभयो, "यस्ता स्टिकरले सुशासन कायम गर्नसमेत सहयोग गर्छ।"

यसैगरी प्रधानमन्त्री कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले सुरक्षण मुद्रण केन्द्र राज्यले सञ्चालन गरेका संस्थामध्ये उदाहरणीय संस्था बन्नसक्ने उल्लेख गर्नुभयो। "यसले नमूनाका रूपमा काम गरोस्", उहाँले भन्नुभयो, "भोलि गएर सरकारले चलाएको उद्योग पनि राम्रो चल्छ, राम्रो हुँदोरहेछ भन्ने कुरा यसले देखाउन सकोस्।"

हाल स्टिकर छाप्ने काम जनकशिक्षा सामग्री केन्द्रले गर्दै आएको छ। आन्तरिक राजस्व विभागका महानिर्देशक शोभाकान्त पौडेलका अनुसार दुई वर्षदेखि जनक शिक्षाले करिब २२ करोडमा स्टिकर छाप्दै आएको छ। यसअघि 'ग्लोबल टेन्डर'मार्फत स्टिकर छापिँदै आएको थियो।

# एमालेको अनुशासन आयोगमा सम्पत्ति विवरण बुझाउन निर्देशन

काठमाडौँ, ३० पुस (रासस)।

नेकपा (एमाले)को केन्द्रीय अनुशासन आयोगले पार्टीको केन्द्रीय कमिटी, निकाय, सङ्घीय सांसद, प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख-उपप्रमुखलाई आफ्नो व्यक्तिगत सम्पत्ति विवरण भरेर अनिवार्यरूपमा बुझाउन निर्देशन दिएको छ।

आयोगका अध्यक्ष केशव बडालले जारी गर्नुभएको अन्तरपार्टी निर्देशन-१ मा पार्टीको १०औँ राष्ट्रिय महाधिवेशनबाट पारित विधानको धारा ७९ र आयोगको कार्यसम्पादन नियमावलीको नियम ६ बमोजिम पार्टीबाट निर्वाचित गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षसमेतलाई यही पुस १४ गतेदेखि गणना हुने गरी ६० दिनभित्र आयोगसमक्ष उक्त विवरण पेश गर्न निर्देशन दिइएको हो।

आयोगले पार्टीभित्र अनुशासन पालनाका लागि आचारसंहिताको मस्यौदा पनि तयार गरिरहेको छ। आयोगका सचिव भरत पहारीले तयार गर्नुभएको सो मस्यौदामाथि थप छलफल गरेर पारित गरिने जनाइएको छ।




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी


## विश्व समाचार

### अफगानिस्तानको सहयोगका लागि संयुक्त राष्ट्रसङ्घका महासचिवको आग्रह

संयुक्त राष्ट्रसङ्घ, ३० पुस (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेसले अफगानिस्तानका थप नागरिकलाई समस्याबाट बचाउन आग्रह गर्नुभएको छ दशौं लाख जना अफगानी नागरिकलाई बचाउनका लागि अब विश्व समुदायले तत्कालै प्रभावकारी कदम चाल्नुपर्ने उहाँले बताउनुभएको छ।

उहाँले भन्नुभएको छ- अफगानिस्तानमा चिन्ताजनकरूपमा राजनीतिक, आर्थिक, सुरक्षा रमानवीय चुनौती थपिँदै गएकाले थप मानवीय सहयोगको निम्ति मेरो आग्रह छ।हाम्रा प्रयासबाट मात्र हामीले अब यहाँका लाखौँलाख नागरिकलाई बचाउन सक्छौँ भन्दै उहाँले यसका लागि अन्तरराष्ट्रिय समुदायलाई आग्रह गर्नुभएको हो।

संयुक्त राष्ट्रसङ्घ अफगानिस्तानका जनताका लागि उद्धार गर्न प्रतिबद्ध छ। तर पनि पछिल्लो समयमा यहाँका नागरिकमा मानवीय सहयताको अवश्यकता बढी परेको छ उहाँले भन्नुभएको छ। उहाँले हाल अफगानी जनता चरम गरिबीतर्फ उन्मूलन भएका र रोजगारीको सुनिश्चितताको लागि, स्वास्थ्य र शिक्षा सेवा पुनःस्थापनाका कार्यक्रअरु सञ्चालन होस् भन्ने चाहेको पनि बताउनुभएको छ।

विद्रोही तालिबानीले काबुल कब्जामा लिएर नयाँ सरकार घोषणा गरेपछि पछिल्लो समय संयुक्त राष्ट्रसङ्घका थुप्रै एजेन्सी अफगानिस्तानमा बिग्रिँदै गएको मानवीय स्थितिको बारेमा चिन्तित छन्। संयुक्त राष्ट्रसङ्घीय शरणार्थीका लागि उच्चायुक्तको कार्यालयले पनि अफगानिस्तानको मानवीय स्थिति हाल निकै नै निराशाजनक बन्दै गएको र खाना, औषधि, आश्रय र अन्य आधारभूत आवश्यकताको व्यवस्थापन नै चुनौतीपूर्ण बन्दै गएको बताएको थियो।

### चीनभित्रै सङ्क्रमण भएकाहरुको संख्या बढ्न थाल्यो

बेइजिङ, ३० पुस (रासस/सिन्ह्वा)।

चीनमा देशभित्रै सङ्क्रमित भएकाहरुको सङ्ख्या बढ्न थालेको यहाँका स्वास्थ्य अधिकारीहरुले बताएका छन्।चीन पनि पछिल्लो समयमा कोरोनाभाइरस सङ्क्रमणको प्रकोप बढ्न थालेको बताइएको थियो। त्यसपछि उत्तरी चीनको सियान सहरमा अघिल्लो महिना लकडाउन गरिएको थियो। यहाँका अधिकारीहरुले सियानका एक करोड ३० लाखभन्दा बढी मानिसलाई घरमै बस्न निर्देशन दिएका थिए।

डिसेम्बरको मध्यतिर दैनिक १५० जना भन्दा बढीमा कोभिड पुष्टि भएपछि सरकारले लकडाउन गरेको थियो। चीनले कोभिड पूरै नियन्त्रण गर्ने कडा रणनीति बनाएको छ। महामारी रोक्न त्यसअन्तर्गत सामूहिक परीक्षण र कडा लकडाउनजस्ता उपाय अवलम्बन गरिएको छ। उता बिहीबार पनि यहाँका हेनान र तियाजिन प्रान्तमा गरी १४३ जना सङ्क्रमितहरु भेटिएका अधिकारीहरुले जनाएका छन्।

तीमध्ये सबैभन्दा बढी हेनानमा ९८ जना भोटिएका अधिकारीहरुले जनाएका छन्। यहाँ देशभित्रै र बाहिरबाट आएकाहरुमा पनि सङ्क्रमितहरु पाइएको हो।चीनले आगामी फेब्रुअरीमा ग्रीष्मकालीन ओलिम्पिकको आयोजना गर्न लागेको छ। त्यसैले चीनले अहिले कोभिडबारे उच्च सतर्कता कायम गरेको छ।

### भारतमा थप दुई लाख ६४ हजारभन्दा बढी कोरोना सङ्क्रमित

नयाँदिल्ली, ३० पुस (रासस/एएनआई)।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप दुई लाख ६४ हजार २०२ जना सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले शुक्रबार जानकारी दिएको छ। यसैसँगै भारतमा कूल सङ्क्रमितको संख्या तीन करोड ६५ लाख ८२ हजार १२९ पुगेको छ।

सोही अवधिमा थप ३१५ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८५ हजार ३५० पुगेको मन्त्रालयले थप जानकारी दिएको छ।

हाल यहाँ पाँच हजार ७५३ ओमिक्रोनका सङ्क्रमित रहेका पनि सो मन्त्रालयले शुक्रबार जानकारी दिएको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या बाह्र लाख ७२ हजार ७३ रहेका छन्। गएको २४ घण्टामा मात्र एक लाख ५४ हजार ५४२ जना सक्रिय सङ्क्रमित थपिएका छन्।

भारतमा एक लाख ९ हजार ३४५ कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ४८ लाख २४ हजार ७०६ जनालाई कोरोना सङ्क्रमण निको भएको छ। यहाँ कोरोना भाइरस निको हुने दर ९५.२० प्रतिशत रहेको जनाइएको छ।

कोरोना सुरु भएदेखि हालसम्म ६९ करोड ९० लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ५५ करोड ३९ लाखभन्दा बढी डोज खोप लगाइएको छ।

# माघको पहिलो हप्ताभित्रै निर्वाचनको मिति तोक्नुपर्छ : निर्वाचन आयोग

काठमाडौं, ३० पुस (रासस)।

निर्वाचन आयोगले संघ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्ने राजनीतिक दलसँग राष्ट्रियसभा निर्वाचन, मतदाता नामावली संकलन र स्थानीय तह निर्वाचनका विषयमा परामर्श गरेको छ।

राजनीतिक दलहरुका निर्वाचन हेर्ने प्रतिनिधिलाई बोलाएर आयोगले राष्ट्रियसभा निर्वाचनका लागि भइरहेको तयारी, मतदाता नामावली संकलन विशेष कार्यक्रम र स्थानीय निर्वाचनका विषयमा दलगत धारणा मागेको हो।

राजनीतिक दलका प्रतिनिधिलाई आयोगले स्थानीय तह निर्वाचनसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था, पदाधिकारीको कार्यकाल गणना, निर्वाचनको मिति तोक्ने सम्बन्धी व्यवस्था, निर्वाचनका लागि आयोगको तयारी र निर्वाचन नभएमा पर्ने प्रभावका बारेमा जानकारी गराएको छ।

स्थानीय तहका पदाधिकारीको पाँच वर्षे पदावधि आगामी २०७९ साल जेठ ५ गते समाप्त हुने र स्थानीय तहको निर्वाचन सम्पन्न गर्न कम्तीमा ५३ वटा काम गर्नुपर्ने भएकाले कानूनत: १२० दिन आवश्यक पर्ने आयोगले बताएको छ।

आयोगले आगामी माघको पहिलो हप्ताभित्रै निर्वाचनको मिति नतोकिएमा प्राविधिक, व्यवस्थापकीय एवम् व्यवहारिक दृष्टिले निर्वाचन गर्न कठिन हुने हुँदा राजनीतिक दलहरु र सरोकारवालाको ध्यानाकर्षण गराएको थियो।

शुक्रबार आयोजित सो सर्वदलीय बैठकमा राजनीतिक दलका प्रतिनिधिले निर्वाचनका लागि भइरहेको तयारी सान्दर्भिक रहेको जनाउँदै मतदाता नामावलीमा सूचिकृत हुन चाहने नागरिकको मागलाई सम्बोधन गर्नेलगायत निर्वाचनका सबै प्रक्रियालाई आयोगले नेतृत्व गर्न सुझाव पनि दिनुभयो।

उहाँहरुले स्थानीय तहको निर्वाचन यथाशीघ्र तोक्न, निर्वाचनलाई कुनै बहाना बनाएर नटार्न, 'थ्रेस होल्ड'का विषयमा पुन: विचार गर्न, वैदेशिक रोजगार र प्रवासमा रहेका नागरिकलाई मतदान गर्ने व्यवस्था मिलाउन आयोगलाई सुझाव दिनुभयो।

परामर्शका क्रममा केही राजनीतिक दलका तर्फबाट संघ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गरेपनि थ्रेस होल्डका कारण राष्ट्रिय दलको मान्यता नपाउँदा स्थानीय तहमा दल विशेषको चुनाव चिह्न प्राप्त नहुने भएकाले कानून संशोधन तथा विगतका निर्वाचनमा आचार संहिता उल्लङ्घनका घटना भएकाले निर्वाचनलाई स्वतन्त्र र स्वच्छ तुल्याउन सुझाव दिइयो।

परामर्शका क्रममा साना दलले विधिवतरुपमा दर्ता भएका दलले चुनाव चिह्न पाउँदैनन् भने किन दल दर्ता गर्नुपर्‍यो भनी प्रश्न गर्दै आयोगको तयारी सही दिशामा रहेको बताउनुभयो।

संघीय संसदबाट नागरिकता विधेयक पारित नभएका कारण उम्मेर पुगेका कतिपय नागरिक मतदान गर्नबाट बञ्चित रहेकाले उनीहरुलाई मतदाता सूचिमा सूचिकृत गर्ने व्यवस्था मिलाउन तथा आगामी निर्वाचनलाई मितव्ययी, स्वच्छ र स्वतन्त्र तुल्याउन विद्युतीय भोटिङ मेसिनको प्रयोगका पक्षमा ध्यान पुर्‍याउन आयोगलाई सुझाव दिइयो।

केही राजनीतिक दलका प्रतिनिधिले भने हालको निर्वाचनको विधिलाई नै पुनर्विचार गरी भ्रष्टाचार रोक्न र निर्वाचन खर्च घटाउन तीन तहकै निर्वाचन एकै पटक गर्न उपयुक्त हुने सुझाव पनि त्यस अवसरमा प्रस्तुत भयो।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले स्वास्थ्यका सबै मापदण्डको पालना गर्दै राष्ट्रियसभाको आसन्न निर्वाचनको तयारी भइरहेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "सबैतिरबाट सकारात्मक जवाफ आएकाले सरकारसँग औपचारिकरुपमा स्थानीय तहको निर्वाचनको प्रस्ताव गर्नुअघि परामर्शका लागि शुक्रबारको बैठक बोलाइएको हो। यस विषयमा आयोगले केही दिनभित्रै सरकारलाई परामर्श दिनेछ।"

प्रमुख निर्वाचन आयुक्त थपलियाले थ्रेस होल्डसम्बन्धी कानूनी व्यवस्थाका कारण राष्ट्रिय मान्यता प्राप्त नभएकालाई विगतका स्थानीय तहमा दलको चुनाव चिह्न चाहेर पनि दिन नसकिएको बताउँदै आयोगले आगामी ऐनको मस्यौदा तर्जुमा गर्दा यो विषयलाई समेट्ने विश्वास पनि दिलाउनुभयो।

छलफलमा नेपाल कम्प्युनिष्ट पार्टी (एमाले), नेपाली कांग्रेस, नेपाल कम्प्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्प्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल संघीय समाजवादी पार्टी, नेपाल मजदुर किसान पार्टी, नेपाल कम्प्युनिष्ट पार्टी (माले), जनता समाजवादी पार्टी, नेपाली जनता दल, नेपाल परिवार दल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी, विवेकशील साझा पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका राजनीतिक दलका प्रतिनिधि सहभागि हुनुहुन्थ्यो।

# नेपाल सहकारीको साधारण सभा सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, ३० पुस।**

नेपाल सहकारी संस्था लिमिटेड राजविराजको १९ औं वार्षिक साधारण सभा शुक्रबार सम्पन्न भएको छ।

आयोजित साधारण सभामा संस्थाका अध्यक्ष शत्रुघनप्रसाद गुप्ताले अध्यक्षीय प्रतिवेदन प्रस्तुत गर्दै २०६८ असार मसान्तसम्ममा संस्थाको कुल शेयर सदस्य २ हजार ४ सय ४२ जनाबाट शेयर पुँजी २ करोड ६३ लाख ९१ हजार ३ सय रहेको जानकारी दिएका छन्।

प्रस्तुत प्रतिवेदनमा कुल निक्षेप ४४ करोड ६३ लाख ४६ हजार ५ सय ३५ मध्येबाट ४० करोड ६८ लाख ८४ हजार २३ रुँपैया फिर्ता तथा कुल ऋण लगानी ३१ करोड ५ लाख १२ हजार १ सय ६७ मध्येबाट २९ करोड ४९ लाख ८८ हजार ९० रुँपैया असुली गरिएको उल्लेख छ।

त्यस्तै संस्थाले आ.ब. २०७७/६८ मा ४५ लाख ३१ हजार ७२ रुँपैया ८ पैसा खुद नाफा आर्जन गरेको प्रतिवेदनमा उल्लेख छ। संस्थाले चालु आ.ब. ०७८/०७९ को कात्तिक महिनादेखी रेमिटान्सको कारोबारमा बृहत बृद्धि भएको प्रतिवेदनमा जनाइएको छ।

संस्था अध्यक्ष गुप्ताको अध्यक्षतामा आयोजित साधारण सभामा शेयर सदस्यहरु सुरेन्द्र प्रसाद गुप्ता, रणधिर कुमार कर्ण, देवनारायण साह, इन्द्रसागर गुप्तालगायतले शुभकामना मन्तव्य दिएका थिए भने संस्थाका संचालक समितिका पदाधिकारीहरु, लेखा समितिका पदाधिकारीहरुलगायत कर्मचारीहरुको सहभागिता रहेको थियो।

# मोटरसाइकल दुर्घटनामा एकको ज्यान गयो

**दैनिक समाचारदाता**
**सिरहा, ३० पुस।**

पूर्वपश्चिम राजमार्ग अन्तर्गत सिरहाको गोलबजार नगरपालिका ६ दुर्गामन्दिर नजिकै शुक्रबार मोटरसाइकल दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ।

ज्यान जानेमा सिरहाको गोलबजार नगरपालिका ६ बस्ने कृष्णदेव यादव रहेका छन्। प्रहरीका अनुसार प्रदेश नं.२-०१-००१ प. ५७५४ नम्बरको मोटरसाइकल तिब्र गतिमा रहेकाले अनियन्त्रित भई दुर्घटना भएको हो।

मोटरसाइकल अभरटेक गर्ने क्रममा अनियन्त्रित भएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नावव उपरीक्षक एवं प्रहरी प्रवक्ता सुभाष बुढाथोकीले जानकारी दिएका छन्।

# दश किलो चरेससहित महिला पक्राउ

वीरगञ्ज, ३० पुस (रासस)।

पर्सा प्रहरीले १० किलो लागुऔषध चरेससहित एक महिलालाई नेपाल-भारत सीमा क्षेत्रबाट पक्राउ गरेको छ। नेपालबाट भारतको रक्सौलतर्फ पैदल जाने क्रममा प्रहरीले रौतहट पिपरीया परोवा नगरपालिका-९ बङ्कुल टोल बस्ने ४२ वर्षीया रन्जु देवीलाई वीरगञ्जबाट पक्राउ गरेको हो।

रन्जुको साथबाट प्रहरीले लागुऔषध चरेस बरामद गरेको प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले जानकारी दिनुभयो। रन्जुले चरेसको प्याकेट बनाई शरीरका विभिन्न भागमा लुकाएको अवस्थामा बरामद भएको प्रहरीले जनाएको छ। पक्राउ परेकी महिला भरिया हुन् वा मुख्य कारोबारी हुन् त्यस विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# वार्षिकोत्सवमा रक्तदान

**दैनिक समाचारदाता**
**राजविराज, ३० पुस।**




राजविराजस्थित इन्टरनेट प्रदायक सुविसु कम्पनीले शुक्रबार २१ औं वार्षिकोत्सवमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ।

रगतको अभाव हुन नदिन उक्त कम्पनीले संस्थाको परिसरमा रक्तदान कार्यक्रमको आयोजना गरि आफ्नो वार्षिकोत्सव मनाएको हो।

रक्तदान जिवनदान भन्ने नाराका साथ गरिएको रक्तदान कार्यक्रममा दुई महिलासहित २१ जनाले रक्तदान गरेको कम्पनीका राजविराज शाखा इन्चार्ज नोमान अनसारीले जानकारी दिए।

रेडक्रस सोसाइटी शाखा सप्तरीद्वारा संचालित रक्त संचार सेवा केन्द्रको प्राविधिक सहयोगमा उक्त कार्यक्रम आयोजना गरिएको सो कम्पनीले जनाएको छ।

प्रकृति सकिए जीवन सिद्धिन्छ।
त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं।
वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np